# राष्ट्रीय बाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## कर्जा बिभाग

**मूल्याङ्कनकर्ता (Valuator) को आवश्यकता सम्बन्धी सूचना ।**

यस बैंकको बिभिन्न शाखा कार्यालयहरुबाट बिभिन्न शिर्षकमा कर्जा / सुबिधा कारोवारका लागि ग्राहकहरुबाट सुरक्षण बापत धितो पारित गराई लिने अचल सम्पत्तिहरु मूल्याङ्कन कार्यको लागि रु २ करोडसम्म, रु १० करोडसम्म र असिमित धितो मूल्याङ्कनकर्ताको आवश्यकता भएकोले बैंकको प्रचलित नीति नियम अन्तर्गत रहि मूल्याङ्कन कार्य गर्नको लागि सूचीकृत हुन आवश्यक योग्यता र शर्तहरु पालना गर्न मन्जुर भएका ईन्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कर्जा बिभागमा वा केन्द्रीय कार्यालय कर्जा विभागमा प्राप्त हुने गरी क्षेत्रीय कार्यालयहरु मार्फत दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसरी प्राप्त हुन आएका आवेदनहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकको केन्द्रीय कार्यालयमा निहित रहनेछ ।
बैंकको मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन चाहने ईच्छुक ब्यक्ति, कन्सल्टेन्सी फर्मका प्रोपाईटर / संचालकहरुले पालना गर्नु पर्ने शर्त लगायत अन्य बिवरणहरु तपशिलमा उल्लेख गरिएको छ ।

### १) मुल्याङ्कनकर्ताको योग्यता र अनुभव

बैंकको स्वीकृत सूचीमा समावेश हुन चाहने इन्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरुको न्यूनतम योग्यता निम्न बमोजिम हुनु पर्नेछ ।

(क) नेपाल सरकार, शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय वा अन्य मान्यता प्राप्त स्वदेशी वा विदेशी शैक्षिक संस्थाहरुबाट शैक्षिक प्रमाण–पत्र प्राप्त सिभिल, मेकानिकल ईन्जिनियरहरु ।

(ख) मूल्याङ्कनकर्ताहरुको अनुभवलाई गणना गर्दा नेपाल सरकारको कार्यालय वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्व भएको संस्थान वा विदेशी निर्माण वा एजेन्सी सम्मिलित नेपालमा स्थापित **NGOs / INGOs** जस्ता कार्यालयहरुमा काम गरेको अनुभवलाई तथा **A** बर्गका निर्माण कम्पनीमा काम गरेको अनुभवलाई समेत गणना गरिने छ । अन्य बित्तिय संस्था (बैंक) को मूल्याङ्कनकर्ता भई काम गरेको ब्यक्ति तथा फर्मलाई सोहि अनुभवको आधारमा बैंकको स्विकृत सूचीमा समावेश गर्न प्राथमिकता दिईनेछ ।

(ग) निम्न अनुसार अनुभव प्राप्त गरेको सिभिल तथा मेकानिकल इन्जिनियर, ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरुले निम्न उल्लेखित ब्यवस्था अनुकूल हुने गरि स्विकृत सूचीमा समावेश हुन दरखास्त दिन सक्नेछन ।

| क्र.स | धितोको मुल्य | न्यूनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १. | रु.२ करोड सम्म | क. सिभिल इन्जिनियरिङ्गमा बि.ई.पास गरेको इन्जिनियर ।<br>ख. नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भएको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म । | क) सम्बन्धित क्षेत्रमा ३ वर्ष काम गरेको अनुभव ।<br>ख) कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएका सिभिल इन्जिनियरहरु संलग्न भएको र ३ वर्ष देखि संचालनमा रहेको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरु । |
| २. | रु.१० करोड सम्म | नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भएको ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म । | कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल इन्जिनियरहरु र २ बर्ष काम गरेको अनुभब भएका १ जना मेकानिकल ईन्जिनियर पनि संलग्न |

| | | | |
|---|---|---|---|
| | | | भएको तथा ५ बर्ष देखि संचालनमा रहेको कन्सल्टेन्सी फर्महरु । बाणिज्य बैंकहरुमा मूल्याङ्कनकर्ताको रुपमा कम्तीमा ३ बर्षको अनुभव भएको । |
| ३ | अधिकतम सीमा नभएको | नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भएको इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म । | कम्तिमा ७ वर्ष काम गरेको अनुभव भएको कम्तिमा २ जना सिभिल इन्जिनियरहरु र ३ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल इन्जिनियर पनि सम्लग्न भएको र ७ वर्ष देखि संचालनमा रहेको कन्सल्टेन्सी फर्महरु । वाणिज्य बैंकहरुमा मुल्यांकनकर्ताको रुपमा कम्तिमा ५ वर्षको अनुभव भएको । |

<u>अन्य</u>

क) मूल्याङ्कनकर्ताको रुपमा चयन हुन बैंकले तोकेको माथी उल्लेखित योग्यता पुगेको हुनु पर्नेछ । साथै सोलाई पुष्टयाउने कागजातहरु, ईन्जिनियरहरुको नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि (आबश्यकता अनुसार त्रि.बि.बि. स्तर निर्धारण पत्र अनिबार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख) धितोको मूल्य रु. २ करोड र १० करोड सम्मको मुल्यांकनको लागि:
***धुलीखेल, रामेछाप, चरीकोट, दिपापल, डोटी, महेन्द्रनगर, बुटवल, भैरहवा, बिरगंज, जनकपुर, बिराटनगर र झापा*** क्षेत्र समेतलाई प्राथमिकता दिई मूल्याङ्कन कार्य गर्ने गरि निबेदन दिनेलाई बिशेष प्राथमिकता दिईनेछ ।

ग) असिमित धितो मूल्याङ्कन (जतिसुकै रकमको धितो) को लागि:
काठमाण्डौं / अन्य क्षेत्रहरुमा कार्य गर्ने गरि निबेदन दिन सकिने छ ।

घ) सूचीकृत भएका ईन्जिनियर / ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्महरुले बैंकले तोके बमोजिमको पारिश्रमिक लिन मन्जुर भएको हुनु पर्नेछ ।

ङ) ईन्जिनियरको हकमा नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाण पत्र पेश नगरेको निवेदनलाई मान्यता दिईने छैन ।

च) बैंकले तोकेका सम्पूर्ण शर्तहरु एबं कागजातहरु पुरा नभएका र म्याद नाधि आएका आवेदन पत्र उपर कुनै कारवाही गरिने छैन ।

छ) आवेदन फारम बैंकको केन्द्रीय कार्यालय कर्जा विभाग वा बैंकको Website www.rbb.com.np बाट download गरी प्राप्त गर्न सकिनेछ । आवेदन दस्तुर बापत रु. १,५००|-(पछि फिर्ता नहुने) यस बैंकको कुनै पनि शाखा कार्यालयमा के. का. हि.नं.२० विविध ८ शिर्षकको खातामा जम्मा गरी सक्कल भौचर आवेदन साथ संलग्न गर्नु पर्नेछ ।

ज) प्राप्त हुन आएको आवेदन स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकको केन्द्रीय कार्यालयमा निहित रहनेछ ।

झ) आवेदन सम्बन्धी अन्य बिस्तृत जानकारी आवश्यक भएमा कार्यालय खुलेको दिन कार्यालय समयमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा बिभागमा सम्पर्क गर्न सकिने छ ।

<u>दरखास्त फारम पेश गर्न सक्ने कार्यालयहरु:–</u>

१) राष्ट्रीय बाणिज्य बैंक, केन्द्रीय कार्यालय, कर्जा बिभाग , सिंहदरवार, काठमाण्डौं (फोन नं. ४२५२५९५ Ext. २८२०, ३७६६, ३७६७) ।

२) राष्ट्रीय बाणिज्य बैंक, क्षेत्रीय कार्यालय, बिराटनगर (फोन नं.०२१ ४३५५२३, ४३५५६१, ४३५४३२) , क्षेत्रीय कार्यालय, बिरगंज (फोन नं.०५१ ५३१०६२, ५३१०६३, ५३३२०६) क्षेत्रीय कार्यालय, नेपालगंज ( फोन नं. ०८१ ५२०२३१, ५२०३०९) र क्षेत्रीय कार्यालय, पोखरा (फोन नं.०६१ ५३२५४०, ५३३७०७ ) ।